का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ पुस २०८१,
बुधबार
1 January, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक ३१२ । पृष्ठ १०  Madhyanha National Daily  www.madhyanhadaily.com




**स्वागत सन् २०२५** : *अंग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा काठमाडौंको ठमेलमा रमाउँदै मानिसहरु ।*

**पश्चिम नेपालमा लगातार भूकम्प**

## व्यवस्थापनका कार्यक्रमको देखिँदैन प्रभाव

२०७२ सालको भूकम्पपछि सरकारले भूकम्पीय सुरक्षा र विपद् व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरू संचालन गरेको भए पनि त्यसको प्रभाव अझै पर्याप्त देखिएको छैन

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ पुस ।

नेपालको विशेषगरी पश्चिम क्षेत्र पछिल्लो समय भूकम्पीय गतिविधिहरूको केन्द्र बनेको छ । आइतबार बिहान ५ बजेर ९ मिनेटमा कालीकोटमा भूकम्प गयो । कालीकोटको ओडानाकु केन्द्रबिन्दु भएर ३ दशमलव ६ म्याग्निच्युडको भूकम्प गएको हो ।

यसअघि शुक्रबार ११ बजेर ३७ मिनेट जाँदा पनि कालीकोटको लाली आसपास केन्द्रबिन्दु भएर ३ दशमलव ७ म्याग्निच्युडको भूकम्प गएको थियो ।

यस्तै, बिहीबार बिहान ६ बजेर ३३ मिनेट जाँदा जाजरकोटको बारेकोट गाउँपालिकास्थित नायकवाडा आसपास केन्द्रबिन्दु भएर पनि भूकम्प गएको थियो । बारेकोट गाउँपालिका केन्द्रबिन्दु बनाएर ४ दशमलव पृष्ठ २ मा

### छैन पूर्वतयारी

नेपालको भूकम्पीय इतिहासमा २०७२ सालको भूकम्प एक ऐतिहासिक र भयानक घटना हो । ७ दशमलव ८ म्याग्निच्युडको उक्त भूकम्पले हजारौंको ज्यान लिएको थियो भने लाखौं मानिसलाई विस्थापित गर्‍यो । काठमाडौं उपत्यका, गोरखा, सिन्धुपाल्चोक, दोलखा र नुवाकोट जस्ता जिल्लाहरूमा व्यापक भौतिक क्षति भएको थियो ।

त्यस घटनाले नेपाललाई भूकम्पीय सुरक्षा र विपद् व्यवस्थापनमा ठूलो चुनौतीको सामना गर्न बाध्य बनायो । नेपालका भूगर्भविद्हरूका अनुसार हिमालय पर्वत शृंखलामा पर्ने नेपाल भूकम्पीय दृष्टिकोणले उच्च जोखिमयुक्त क्षेत्र हो । पछिल्ला घटनाहरूले भूगर्भीय प्लेटहरूको पृष्ठ २ मा

## संसद्प्रति सरकारको अरुचि

### हिउँदे अधिवेशन कहिले ?

संसद्सामु संविधानअनुकूल दर्जनौं कानुन बनाउनुपर्ने बाध्यता छ । जनजीविकाका धेरै विषय जनप्रतिनिधिले उठाउन पाएका छैनन् । प्रधानमन्त्री, परराष्ट्रमन्त्रीलगायतको विदेश भ्रमणबारे जनताले जानकारी पाउन सकिरहेका छैनन्



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

यही ९ पुसमा प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेस र नेकपा एमालेका मुख्य सचेतक, प्रमुख सचेतक र सचेतकसहितका सांसदहरूलाई प्रधानमन्त्री निवास बालुवाटार बोलाएका थिए । कांग्रेस र एमाले दुवै दलका संसदीय विभाग प्रमुखसमेत रहेका उक्त छलफलमा प्रधानमन्त्री ओलीले संसदीय विषयगत समितिमा रहेका विधेयकहरूबारे ब्रिफिङ लिएका थिए ।

त्यसक्रममा एमाले सचिव एवं संसदीय मामिला विभाग प्रमुख योगेशकुमार भट्टराईले अधिवेशन बोलाउनेबारे सरकारको तयारी के छ भनेर सोधेका थिए । प्रधानमन्त्री ओलीले पुस अन्तिम साता बोलाइने र त्यसमा केही दिन यताउता हुन पनि सक्ने बताएका थिए ।

सरकारको यो तयारीलाई सघाउ पुर्‍याउनेगरी काम गर्न भनेर प्रधानमन्त्री ओलीले एमाले र कांग्रेसको संयुक्त कार्यदल बनाएका थिए, जसमा एमालेबाट भट्टराईसहित मुख्य सचेतक महेश बर्तौला, सचेतक सुनिता बराललगायत छन् । कांग्रेसबाट संसदीय मामिला विभाग प्रमुख जीवन परियार, प्रमुख सचेतक श्यामकुमार घिमिरे, सचेतक सुशीला थिङलगायत छन् ।

यो कार्यदलको बैठक नियमितजसो बसिरहेको छ । संसदीय समितिमा विचाराधीन विधेयकबारे छलफल गरिरहेको छ । तर, अधिवेशन बोलाएपछि विजनेश पृष्ठ २ मा

## मेलबिनाको मेलमिलाप

गणेशमान सिंहको पुस्तैनी विरासत बोकेर हिँडेका प्रकाशमान सिंहले आफैं पार्टीको कमानमा दाबी गरिरहेका छन् भने गिरिजाप्रसाद कोइरालाको अमूल्य आशीर्वादबाट कांग्रेस राजनीतिको केन्द्रमा हस्तक्षेप गर्न सफल कृष्णप्रसाद सिटौला पनि आफ्नै झुण्ड बोकेर मच्चिइरहेका छन्

**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, १६ पुस ।



निर्दलीय पञ्चायतविरुद्ध संघर्षरत रहँदा पञ्चायती शासकले देशमा बस्न नदिने वातावरण बनेपछि धेरै नेता निर्वासनमा रहे । २०३३ सालमा निर्वासनमा रहेका बीपी कोइराला, गणेशमान सिंहलगायतका नेताहरू 'राजासँग घाँटी जोड्न' स्वदेश फर्किए । त्यो दिन १६ पुस थियो ।

१६ पुसलाई त्यही समयदेखि नेपाली कांग्रेसले 'राष्ट्रिय मेलमिलाप दिवस' भन्न थाल्यो र मनाउन थाल्यो । आज यो दिवस मनाउन थालेको ४७ वर्ष भएछ तर भनिएझैं 'राष्ट्रिय मेलमिलाप'को अवस्था के छ ? कांग्रेस स्वयंभित्रको मेलमिलाप कस्तो छ ? यो गम्भीर विमर्शको पाटो हो ।

बीपीले 'राष्ट्रिय मेलमिलाप'का नाममा स्वदेश फर्किने वातावरण साँच्चै राष्ट्रिय हितकै लागि थियो वा अन्य ? यसबारे विश्लेषकहरूमा एकमत पाइँदैन । केही विश्लेषकहरू बीपी वा कांग्रेसप्रति तत्कालीन भारत सरकारको नेतृत्व अर्थात् इन्दिरा गान्धीले हेर्ने दृष्टिकोण र बीपी तथा कांग्रेसप्रति गर्ने व्यवहार सहज नभएको बताउँदै आएका छन् ।

राजनीतिक विश्लेषक हरिविनोद अधिकारी त्यस बेला बीपी भारतमा इन्दिरा गान्धीको नेपालमा गणतन्त्रको दबाबलाई अस्वीकार गरी बरु नेपालभित्रै राजासँग समन्वय र सहमति गरेर अघि बढ्ने मनशायले नेपाल फर्किएका बताउँछन् । भन्छन्, 'भारतीय नेताको इशारा मान्नुभन्दा आफ्नै देशका शासकको जेल भोग्न बरु तयार भएर बीपी फर्किएका हुन् ।'

इन्दिरा गान्धीसँग 'शीतयुद्ध'भैं सम्बन्धमा बीपी कोइराला रहेका र त्यस कारण बीपीलगायतका नेताहरू भारतमा बसिरहनु 'खतरा' हुन सक्ने पृष्ठ २ मा

## बढ्यो प्राधिकरणको आम्दानी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले प्राधिकरणले उल्लेख्य उपलब्धि हासिल गर्दै गएको दाबी गरेका छन् ।

मंगलबार काठमाडौंमा आयोजित प्राधिकरणको २६औं वार्षिकोत्सव समारोहमा प्रगति विवरण सुनाउँदै आर्थिक वर्ष २०८०/०८१ मा प्राधिकरणले १४ अर्ब ७१ करोड ३८ लाख रुपैयाँ आम्दानी गरेको बताए ।

यसमध्ये एरोनटिकलतर्फ ११ अर्ब ५१ करोड ८९ लाख छ भने ननएरोनटिकलतर्फ ३ अर्ब १९ करोड ४९ लाख रहेको विवरण प्रस्तुत गरेका छन् ।

उनले गत वर्ष पुँजीगततर्फ नेपाल सरकारको सहित १० अर्ब ५२ करोड ७० लाख लगानी भएको बताए । कार्य संचालन खर्चतर्फ ४ अर्ब ३८ करोड ४८ लाख, ह्रास खर्च ४ अर्ब ३४ करोड १३ लाख, ब्याज खर्च १ अर्ब ३३ करोड १ लाख र आयकर खर्च १ अर्ब २७ करोड ९९ लाख गरी प्राधिकरणको कोषबाट जम्मा ११ अर्ब ३३ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदी आईडी नपाएर व्यवसायीहरू हैरान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस ।

वैदेशिक रोजगार व्यवसायीका बीचमा साउदी आईडीको माग बढेको छ । नेपालस्थित साउदी अरेबियाको दूतावासले नेपाली कामदारको भिसाका लागि आवेदन गर्न दूतावासले प्रदान गर्ने साउदी आईडी अनिवार्य गर्ने गरेको छ । साउदी आईडी नहुने कतिपय म्यानपावर व्यवसायीले भिसा लगाउन अन्य म्यानपावर कम्पनीको सहारा लिनुपर्ने अन्यथा साउदीबाट ल्याइएको मागपत्र नै त्याग्नुपर्ने बाध्यता छ ।

वैदेशिक रोजगार विभागमा हाल दर्ता रहेका करिब १ हजार म्यानपावर कम्पनीमध्ये ४०० जति कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेका छन् । पृष्ठ २ मा

### आजदेखि इजरायल जाने श्रमिकको स्वास्थ्य परीक्षण

**काठमाडौं/मस**– इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा जान छनोट भएका नेपाली सहायक कामदारको बुधबारदेखि स्वास्थ्य परीक्षण प्रारम्भ गरिँदै छ । स्वास्थ्य परीक्षणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल मेडिसिटी हस्पिटल भैंसेपाटी, स्टार हस्पिटल सानेपा, ह्याम्स हस्पिटल मण्डिखाटार, मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल स्वयम्भू र क्रिस्टल डायग्नोस्टिक सिनामंगलसहित ५ वटा अस्पताल तोकेको छ ।

वैदेशिक रोजगार विभागले १७ देखि २३ पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ पुस २०८१, बुधबार
1 January 2025, Wednesday

# सन् २०२५ देखि ३५ लाई पर्यटन दशकको रूपमा मनाइने



**काठमाडौं/मस-** संस्कृति ,पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले सन् २०२५ देखि ३५लाई पर्यटन दशकको रूपमा मनाउने उद्घोष गरेका छन् ।

नेपाल पर्यटन बोर्डको २६ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले भने,'सन् १९८९ मा पहिलो पटक नेपाल पर्यटन वर्षको रूपमा मनाएका थियौं। यसअघि नेपाल सरकारले सन २०२२ देखि २०३२ लाई पर्यटन दशकको रूपमा मनाउने घोषणा गरेको भए पनि त्यो कार्यविधि अभावका कारण त्यो पूरा हुन सकेन् । सरकारले अब सन् २०२५देखि ३५ लाई पर्यटक दशकको रूपमा मनाइने छ ।'

मन्त्री पाण्डेले नेपालको समग्र पर्यटनलाई दिशानिर्देश गर्ने गरी सरकारले नीतिगत रुपान्तरणका लागि काम गरिरहेको बताए ।

उनले नेपाल पर्यटन पर्यटन विकासको लागि पर्यटनमैत्री नीति आवश्यक रहेको कुरालाई मध्यनजर गर्दै सरकारको नयाँ पर्यटन नीति तयार गरिरहेको र अब छिट्टै नयाँ नीति आउने बताए । उनले पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी (पीपीपी) को अवधारणालाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउन, डिजिटल मार्केटिङलाई जोड दिन निर्देशन दिए ।

उनले भने, 'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त देश हो । यही विविधता बिचको एकता, सहिष्णुता र सद्भावलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु आजको आवश्यकता हो । नेपालको आफ्नै मौलिक पर्यटन प्रडक्ट छ। यसलाई अन्तरराष्ट्रिय बजारमा व्यापक प्रवर्द्धन गर्न आवश्यक छ ।'

### एघार लाख ४७ हजार पर्यटक भित्रिए

सन् २०२४ मा ११ लाख ४० हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन् । मंगलबारसम्मको तथ्यांकअनुसार ११ लाख ४७ हजार २४ जना नेपाल भित्रिएका नेपाल पर्यटन बोर्डले जनाएको छ ।

बोर्डका निर्देशक मरिणराज लामिछानेले दैनिक सरदर तीन हजार पर्यटक भ्रमणमा आएका बताउँदै सन् २०२३ को तुलनामा १४ प्रतिशतभन्दा बढीले पर्यटक आगमन बढेको जानकारी दिए ।

सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए । कोरोना महामारीपछि अधिक पर्यटकले नेपाल भ्रमण गरेको यो पहिलो वर्ष हो। सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन प्रायः ठप्प थियो ।

राष्ट्रसंघीय विश्व पर्यटन संगठन (युएनडब्लुटिओ)को पछिल्लो ६ महिनाको तथ्याङ्कअनुसार कोभिड-१९पछि नेपालको पर्यटन ९६ प्रतिशतले पुनरुत्थान भएको छ।

नेपाल प्रिमियर लिग (एनपिएल), विश्व बौद्ध सम्मेलन, अन्तर्राष्ट्रिय 'बेलुन' महोत्सव, 'ड्रागन बोट' महोत्सवका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आयोजना भएका मेला र प्रदर्शनीले पनि पर्यटन आगमनमा बढोत्तरी भएको हो ।

# विज्ञान एचआर म्यानेजमेन्टद्वारा न्यानो मोजा वितरण



**कन्चनपुर/मस-** राजधानीको सुकेधारास्थित विज्ञान एचआर म्यानेजमेन्ट प्रा. लि.ले अरनिको आधारभूत विद्यालयमा न्यानो मोजा वितरण गरेको छ । सो कम्पनीले कन्चनपुरको पुनर्वास नगरपालिका-२ मा रहेको उक्त विद्यालयका विद्यार्थी र शिक्षक-शिक्षिकाहरूलाई न्यानो मोजा वितरण गरेको हो ।

आफ्नो कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत रही सो विद्यालयका १७० जना विद्यार्थी र ११ शिक्षक-शिक्षिकाहरूलाई मोजा वितरण गरिएको कम्पनीका प्रबन्ध निर्देशक बसन्त लामाले जानकारी दिए । मोजा वितरणपश्चात् विद्यालयका अध्यक्ष दाउद तामाङ र प्रधानाध्यापक बासुमाया तामाङले विज्ञान एचआर परिवारलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# क्यान्सर पीडित गोलेलाई पोर्चुगलबाट आर्थिक सहयोग

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १६ पुस

क्यान्सर रोगबाट पीडित गायिका इन्दिरा गोले गुरुङलाई पोर्चुगलबाट आर्थिक सहयोग गरिएको छ । नेपाल राष्ट्रिय तामाङ घेदुङ (संघ) पोर्चुगलले रकम संकलन गरेर गायिका गोलेको उपचार सहयोगार्थ आर्थिक सहयोग गरेको हो। घेदुङले पोर्चुगलमा सञ्चालन गरेको आर्थिक सहयोग अभियान अन्तर्गत संकलित दुई हजार तीन सय ४५ यूरो अर्थात् रु.तीन लाख ३२ हजार पाँच सय ७९ नगद रकम पीडित गोलेलाई उपलब्ध गराएको हो ।

सहयोग रकम 'इन्दिरा गोले बचाउ अभियान' का संयोजक योगेश लामा र नेपाल तामाङ कलाकार संघका अध्यक्ष विशाल काल्तेनमार्फत गोलेलाई हस्तान्तरण गरिएको घेदुङ पोर्चुगलका अध्यक्ष इमानसिंह तामाङले जानकारी दिए। पीडित गोलेको आर्थिक अवस्था कमजोर रहेको र उनको उपचारमा थोरै भएपनि सहयोग पूगोस् भन्ने उद्देश्यले आर्थिक संकलन गरेर सहयोग रकम नेपाल पठाइएको तामाङले बताए ।

पीडित गोलेको उपचार सहयोगार्थ नेपाल तामाङ कलाकार संघको संयोजकत्वमा 'इन्दिरा गोले बचाउ अभियान' सञ्चालन गरेर स्वदेश तथा विदेशमा आर्थिक सहयोग संकलन गरिएको थियो। विगत दुई वर्षदेखि क्यान्सर रोगसँग लडिरहेकी गोले हाल उपचाररत छिन् ।

लामो समयदेखि सांगीतिक क्षेत्रमा समर्पित रहँदै आएकी गायिका गोलेले तामाङ सेलो र नेपाली लोक तथा दोहोरी गीतहरुमा स्वर दिएकी छन् ।

# स्तन क्यान्सरको सफल वंशाणुगत परीक्षण

**काठमाडौं/मस-** नेपालमा पहिलोपटक स्तन क्यान्सरको वंशाणुगत परीक्षण 'जिन सिक्वेन्सिङ' सफल भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा यसको परीक्षण सफल भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आज जनाएको हो ।

मन्त्रालयका अनुसार अबदेखि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा स्तन क्यान्सरको वंशाणुगत परीक्षण गरिनेछ । यसअघि यस्तो परीक्षणका निम्ति नमूना भारत पठाउनुपर्ने बाध्यता थियो । प्रयोगशालाले रगत र टिस्युबाट यस्तो नमूना परीक्षण गर्ने जनाइएको छ । योसँगै प्रयोगशालाले क्यान्सरसम्बन्धी चार थरीका नमूना परीक्षण नियमित गर्नेछ। भारतमा स्तन क्यान्सरको वंशानुगत नमूना परीक्षणका लागि रु ६० हजार लाग्ने गरेको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा यो परीक्षण रु ३० हजारमा हुने स्वास्थ्य तथा जनसंख्यामन्त्रीको निजी सचिवालयले जनाएको छ।

## व्यवस्थापनका...

२ म्याग्निच्युडको भूकम्प गएको भूकम्प मापन केन्द्र सुर्खेतले जनाएको थियो । उक्त समयमा भूकम्पको धक्का आसपासका जिल्लामा समेत महसुस गरिएको थियो ।

शनिबार बाजुरा केन्द्रबिन्दु भएर ५ दशमलव २ म्याग्निच्युडको भूकम्प जाँदा छिमेकी जिल्लाहरूमा पनि धक्का महसुस गरिएको थियो । बाजुरामा यो भूकम्पले केही भौतिक क्षति पनि पुऱ्याएको छ ।

पुस महिना लागेपछि मात्र पश्चिम नेपालमा ६ जिल्लामा ८ वटा भूकम्प गइसकेका छन्। पश्चिम नेपाल पछिल्लो समय साना तर लगातारका भूकम्पहरूको साक्षी बनिरहेको छ ।

जाजरकोट, बाजुरा र दार्चुलाका विभिन्न स्थानहरूमा पछिल्ला दिनहरूमा थुप्रै साना-मझौला भूकम्पहरू महसुस भएका छन्। भूगर्भविद्हरूका अनुसार यो क्षेत्रमा भूकम्पीय प्लेटहरूको सक्रियता बढिरहेको देखिन्छ। साना मापनका भूकम्प ठूला भूकम्पको पूर्वसंकेत हुन सक्ने भन्दै विज्ञहरूले सतर्क रहन आग्रह गरेका छन् ।

यसअघि गत वर्षको १७ कात्तिकमा जाजरकोट रामिडाँडा केन्द्रबिन्दु रहेको ६ दशमलव ४ म्याग्निच्युडको ठूलो भूकम्प गएको थियो । उक्त भूकम्पले मानवीय र भौतिक क्षति गराएको थियो । यो घटनाले स्थानीय बासिन्दाहरूमा गहिरो प्रभाव पारेको थियो ।

### ठूलो भूकम्प जाने संकेत

नेपालमा भूकम्पीय जोखिम पश्चिममा मध्य र पूर्वी नेपालको तुलनामा धेरै बढी छ । पश्चिम नेपालको भूगर्भभित्र संचित भएर बसेको भूकम्पीय शक्तिले कुनै पनि बेला त्यस क्षेत्रमा महाविनाश निम्त्याउन सक्ने सम्भावना अहिले पनि जीवितै छ ।

पश्चिम नेपालमा विगत ५०० वर्षयता ठूलो भूकम्प नगएको कारण त्यस क्षेत्रको भूगर्भभित्र ठूलो भूकम्प जाने शक्ति संचित भएर बसेको भूकम्पविद् बताउँछन् ।

भौगोलिक अवस्थितिको आधारमा हेर्दा नेपालको सम्पूर्ण हिमालय क्षेत्र भूकम्पको उच्च जोखिमयुक्त क्षेत्र हो। पश्चिम र सुदूरपश्चिमका विभिन्न जिल्लामा पटक-पटक गइरहेका साना र मझौला खालका भूकम्पले त्यस क्षेत्रमा ठूलो भूकम्प जाने सम्भावनामा जीवितै छ भन्ने सन्देश दिएको भूकम्पविद्को तर्क छ ।

## छैन...

गतिशीलता सक्रिय रहेको संकेत गर्छ। साना भूकम्पहरूले कहिलेकाहीँ ठूलो भूकम्प आउनुअघि भूगर्भीय तनाव कम गर्ने भूमिका खेल्छन् । तर, यो निरन्तर हुने गतिविधिले ठूलो भूकम्पको सम्भावनालाई पनि अस्वीकार गर्न सक्दैन।

२०७२ सालको भूकम्पपछि सरकारले भूकम्पीय सुरक्षा र विपद् व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरू संचालन गरेको भए पनि त्यसको प्रभाव अझै पर्याप्त देखिएको छैन ।

ग्रामीण क्षेत्रहरूमा भूकम्पप्रतिरोधी भवनहरूको निर्माण र जनचेतना अभिवृद्धि अपरिहार्य छ । स्थानीय र राष्ट्रिय सरकारको सहकार्यमा आपत्कालीन योजना निर्माण, आपत्कालीन सामग्रीको भण्डारण र नियमित तालिमहरू संचालन गर्नुपर्छ। नेपालमा पछिल्ला भूकम्पीय गतिविधिहरूले देशभर पुनः सतर्कता अपनाउनुपर्ने देखाएका छन् ।

२०७२ सालको भूकम्पले दिएको पाठलाई आत्मसात् गर्दै वर्तमानमा हुने भूकम्पीय घटनाहरूसँग जुध्न तयार रहनु महत्त्वपूर्ण छ। दीर्घकालीन योजना र तत्कालीन तयारीले मात्र सम्भावित जोखिमलाई कम गर्न सकिने तथा सरकार, समुदाय, र गैरसरकारी संस्थाहरूको सहकार्यले मात्र भूकम्पीय सुरक्षा र विपद् व्यवस्थापनमा उल्लेखनीय प्रगति गर्न सकिने यस क्षेत्रका विज्ञहरू बताउँछन् ।

## संसद्प्रति...

अभाव हुन सक्ने भनेर सरकारलाई सुझाइरहेको छ । यही सुझावका आधारमा सरकारले संसद् अधिवेशन माघ पहिलो सातासम्म पुऱ्याउन सक्ने नेताहरू बताउँछन् ।

विपक्षी दलहरू भने सरकारले समयमा अधिवेशन नबोलाएको भनेर आलोचना गरिरहेका छन् ।

४ मंसिर २०७९ को निर्वाचनपछि पहिलो हिउँदे अधिवेशन २५ पुसदेखि १५ वैशाख २०८० सम्म चलेको थियो। दोस्रो हिउँदे अधिवेशन २२ माघदेखि २ वैशाखसम्म चलेको थियो ।

संघीय संसद्को गत वर्षे अधिवेशन ३१ भदौमा अन्त्य भएको थियो। मंसिर दोस्रो वा तेस्रो साता संसद्को हिउँदे अधिवेशन बोलाउने विगतको अभ्यास थियो । तर, यस पटक ढिलो भएको छ ।

संसद् अधिवेशन सरकारले आवश्यक महसुस गरेका बेला जहिलेसुकै बोलाउन सक्छ । सामान्यतयाः वर्षे अधिवेशन भदौ अन्तिम वा असोज पहिलो साता अन्त्य हुने र हिउँदे अधिवेशन मंसिर दोस्रो वा तेस्रो साता बोलाउने अभ्यास छ। तर, यस पटक सरकारले हिउँदे अधिवेशन कहिले बोलाउँछ भन्ने यकिन भएको छैन ।

संसद्सामु संविधानअनुकूल दर्जनौं कानुन बनाउनुपर्ने बाध्यता छ । जनजीविकाका धेरै विषय जनप्रतिनिधिले उठाउन पाएका छैनन् । प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्रमन्त्री डा. आरजु राणालगायतको चीनसहितका विदेश भ्रमणबारे पनि जनताले जानकारी पाउन सकिरहेका छैनन् । यो बेला सरकारले संसद्को अधिवेशन बोलाएर काम गर्नुपर्ने हो । तर, सरकार अधिवेशन बोलाउन नै ढिला गरिरहेको छ ।

एमालेकी सचेतक सुनिता बराल भने २६ पुसपछि अधिवेशन बोलाउने तयारीमा सरकार रहेको आफूले जानकारी पाएको बताउँछिन् । यसबीचमा समितिमा रहेका विधेयकहरू अगाडि बढाउनेतर्फ आफूहरूको जोड रहेको उनले बताइन् ।

एमालेले संसदीय समितिमा रहेका विधेयकलाई अगाडि बढाउन 'फोकल पर्सन' नै तोकेको छ । राज्य व्यवस्था तथा सुशासन समितिमा रहेका विधेयकबारे छलफल र समन्वय गर्ने जिम्मेवारी सांसद रघुजी पन्तले पाएका छन् । अर्थ समितिमा रहेका विधेयकहरूमाथि छलफल गर्न र अगाडि बढाउने पहल लिने जिम्मेवारी सांसद सूर्य थापाले पाएका छन् ।

कानुन, न्याय तथा मानवअधिकार समितिमा केही नेपाल ऐन संशोधन विधेयक दफावार छलफलमा छ । यो विधेयक अगाडि बढाउने भूमिका खेल्ने जिम्मेवारी एमालेबाट सांसद नैनकला थापाले पाएकी छन् ।

पूर्वाधार विकास समितिमा रहेको विधेयकलाई पास गर्नेगरी अगाडि बढाउने जिम्मेवारी एमाले सांसद गोकर्ण विष्टले पाएका छन् ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेका विधेयक अगाडि बढाउन भूमिका खेल्ने जिम्मेवारी छविलाल विश्वकर्मालाई दिइएको छ ।

## मेलबिनाको...

आँकलनका कारण 'राष्ट्रिय मेलमिलाप'को नाटक मञ्चन गरिएको पनि केही आलोचकहरूले बताउँदै आएका छन् ।

इन्दिरा गान्धीले नेपालको भूगोलप्रति देखाएको 'अनावश्यक चासो' तथा बीपीसँगको राष्ट्रियता र राष्ट्रिय अखण्डताका सवालमा गान्धीको मतभेद अर्थात् तत्कालीन प्रधनमन्त्री वा 'भारत छोडो' आन्दोलनका नेता जवाहरलाल नेहरुसँगको बीपीको नेपालको राष्ट्रियताका सवालमा भएको असहमति जस्ता कुराले बीपीलाई भारतमा बस्न अप्ठ्यारो परेर राष्ट्रिय मेलमिलापको नीतिका नाममा उनी र गणेशमानहरू नेपाल छिरेका हुन पनि सक्छन् । त्यतिबेला यो सन्दर्भ निकै चर्चाको विषय रहेको पुराना नेताहरूले बताउँदै आएका छन् ।

बीपीलगायत नेताहरू 'मेलमिलाप'का बहानामा स्वदेश त फर्किए तर तत्कालीन सरकारले विमानस्थलबाटै पक्राउ गऱ्यो र बन्दी बनायो। उनीहरूलाई मृत्युदण्डसम्म हुनेगरी राजद्रोहको मुद्दा चलाइयो ।

राजा वीरेन्द्र भर्खरै राजगद्दीमा बसेको समय थियो । राज्याभिषेक नै केही महिनाअघि मात्र भएको थियो उनको।

नेपाली राजनीतिका 'चतुर खेलाडी' सूर्यबहादुर थापाको सल्लाह र सुझावमा चल्ने राजा वीरेन्द्रलाई जनमतसंग्रहको घोषणा गराउन बाध्य पार्नु कांग्रेसको एक प्रकारको नैतिक जीत भने थियो त्यस बेला । तर, थापाको चातुर्य र बेइमानीका कारण जनमतसंग्रहमा बहुदल पराजित भयो, जुन हुनु नै थियो ।

प्रश्न यो सोचनीय छ कि साम, दाम, दण्ड, भेद, हात, हतियार सबै ढंगले निर्दलीयतासँग लड्ने संकल्प गरेर निर्वासनमा रहेका बीपी मेलमिलापका नाममा राजासँग साँठगाँठ गर्न किन नेपाल फर्किए ? के पाए त्यसबापत बीपी स्वयंले र नेपालीले ? यसबारे भरपर्दो जबाफ आजसम्म कसैले दिएका छैनन् ।

'बीपी स्वदेश फर्किएपछि जनमतसंग्रह भयो नि त !' भन्ने तर्कमा रमाउने एउटा पाटो भने छ तर तत्कालीन अवस्थामा जनमतसंग्रहको अवस्था निम्त्याएको मेलमिलापले नभएर तत्कालीन पाकिस्तानी राष्ट्रपति जुल्फिकर अली भुट्टोको फाँसीका विरुद्ध नेपाली विद्यार्थीले गरेको आन्दोलनले हो ।

मेलमिलापको नीति लिएर बीपी स्वदेश फर्किएको १३ वर्षपछि २०४६ सालको जनआन्दोलन भएको हो । यस कारण २०४६ सालको जनआन्दोलनमा पनि मेलमिलापको कुनै भूमिका देखिँदैन । त्यसमा मेलमिलापको नीतिको सन्दर्भ जोडिने कुरै थिएन ।

मेलमिलापको नीतिले बन्दी अवस्थामै रहेका बीपीलाई उपचारका लागि राज्यकै खर्चमा अमेरिका भने पठायो ।

बीपीलाई अब अमेरिकामै बस्न धेरैले सल्लाह र दबाब दिए पनि उनी पुनः जेलमै बस्नुपर्ने जान्दाजान्दै स्वदेश फर्किए । यो निर्णयचाहिँ बीपीको खास सही निर्णय मान्न सकिने विश्लेषक अधिकारी बताउँछन् । उनी भन्छन्, 'किनभने उनी जुन अभियानमा वर्षौंदेखि लागेका थिए, जेलनेल र निर्वासन भोगेका थिए, यदि उनी विदेशमै बसेका भए त्यसमा गम्भीर चोट पुग्ने थियो । आन्दोलन सिथिल हुने थियो । र, २०४६ सालभन्दा धेरै पछिसम्म नेपाली निरंकुशता र निर्दलीयताको चंगुलमा फसिरहनुपर्थ्यो ।'

### मेलमिलापको सान्दर्भिकता

वर्तमान नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेकजसो क्षेत्रमा बेथिति, विग्रह र बेमेल व्याप्त छ। यस्तो बेलामा सबै पक्ष जिम्मेवार, गहन र उत्तरदायी बन्नुपर्ने अवस्था छ ।

को कुन जातको, को कुन धर्मको, को कुन वर्णको, को कुन लिंगको, को कुन समुदायको, को कुन राजनीतिक दलको वा को कुन क्षेत्रको भन्ने कुरा भुलेर सबैले एक मालामा उनिएर एकजुट भएर मुलुकको समृद्धिका लागि लाग्नुपर्ने अवस्था छ। तथापि, १० वर्षे सशस्त्र द्वन्द्वले थिलथिलो पारेको नेपालका हरेक क्षेत्रको पुनर्निर्माण, पुनर्संरचना गर्न पनि सबै पक्षबीच मेलमिलाप, सद्भाव र सम्मानभाव हुनु आवश्यक छ । यसका अतिरिक्त हरेकजसो राजनीतिक दलभित्रका आन्तरिक खिचातानी, द्वन्द्व, कलह, बेमेलले गर्दा ठूला र पुराना अनि जिम्मेवार भनिएका राजनीतिक दलहरू पटकपटक फुट्ने र फाट्ने क्रम निरन्तर छ। यसबाट मुक्तिका लागि पनि खासमा मेलमिलाप आवश्यक छ।

तथापि, हामीकहाँ न घरमा, न समाजमा, न त राज्य तहमै मेलमिलाप फापेको छ । महिनैपिच्छेजसो सत्ता परिवर्तन र खिचातानीमा सरकार र संसद्मा रहेका दलहरू व्यस्त छन् भने राजनीतिक दलहरू आ-आफ्नै दलभित्रका लडाइँ, पदीय खिचातानी, खुट्टा तानातानमा अल्झिएका छन् ।

### सन्दर्भ कांग्रेसमै केन्द्रित गरौं ।

कांग्रेसमा स्थापनाकालदेखि नै मेलमिलाप रहेको देखिँदैन । संस्थापकहरू बीपी, मात्रिकाप्रसाद कोइराला, सुवर्णशम्शेरदेखि पछिल्लो समय गिरिजाप्रसाद, कृष्णप्रसाद, गणेशमान सिंह हुँदै गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, सुशील कोइराला, रामचन्द्र पौडेल आदि कसैमा पनि आन्तरिक मेल कहिल्यै देखिएन ।

विवाद, बेमेल र असन्तुष्टिको अर्को नाम बन्न पुग्यो कांग्रेस। आजका मितिमा पनि कांग्रेस उही अवस्थामा छ।

पछिल्लो समय १५औं महाधिवेशन नजिकिँदै गर्दा कांग्रेसभित्रको राजनीतिमा अनेक ध्रुव र अनेक धार अनि गुट र उपगुट जन्मिएका छन् । पार्टी सभापति देउवाले स्वेच्छाचारी निर्णय गरेको, विधानविपरीत निर्णय गरेको, संस्थापनइतरलाई बेवास्ता गरेको, दबाएको अनेक आरोप लगाएर संस्थापनइतर पक्ष असन्तुष्ट बनेको छ ।

अहिले १५औं महाधिवेशनको तयारीमा रहेको कांग्रेसभित्र गुट, उपगुटको सक्रियता तीव्र बनिरहेको छ । संस्थापनइतर पक्षका नेता डा. शेखर कोइराला केही समयअघि कोशी प्रदेशस्तरीय नेता, कार्यकर्ता भेला गराएर पश्चिमतिर भेटघाट गर्न गएर फर्किएका छन् । संस्थापन पक्ष अर्थात् पार्टी सभापति शेरबहादुर देउवाले बोलाएको कोशी प्रदेशस्तरीय भेलालाई कोइराला पक्षले बहिस्कार गरेको थियो ।

अर्कातर्फ, गणेशमान सिंहको पुस्तैनी विरासत बोकेर हिंडेका प्रकाशमान सिंहले आफैं पार्टीको कमानमा दाबी गरिरहेका छन् भने गिरिजाप्रसाद कोइरालाको अमूल्य आशीर्वादबाट कांग्रेस राजनीतिको केन्द्रमा हस्तक्षेप गर्न सफल कृष्णप्रसाद सिटौला पनि आफ्नै झुण्ड बोकेर मच्चिइरहेका छन् ।

उता, गिरिजापुत्री सुजाता कोइराला र बीपीपुत्र डा. शशांकको भने खुलासा देखिँदैन अहिलेसम्म तर आमआँकलन छ कि उनीहरू अन्ततः कोइराला विरासत फर्काउने अभियानमा एक ठाउँ उभिने छन् ।

## उड्डयन...

करोड ६१ लाख रुपैयाँ खर्च भएको विवरण प्रस्तुत गरे । प्राधिकरणको गत आर्थिक वर्षको संचालन मुनाफा ३ अर्ब ३७ करोड ७८ लाख रहेको उनले बताए ।

प्रगति विवरण प्रस्तुत गर्ने क्रममा महानिर्देशक अधिकारीले सन् २०२३ को नोभेम्बरसम्ममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत आवागमन गर्ने अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या कुल ४१ लाख ५४ हजार ३९३ रहेको बताए । सन् २०२३ का नोभेम्बरसम्ममा ४४ लाख ४९ हजार १३३ रहेको र गत वर्षको तुलनामा यात्रुको संख्यामा ७ दशमलव ०९ प्रतिशतले वृद्धि भएको उनको भनाइ थियो ।

यसैगरी आन्तरिक उडानतर्फ २०२३ नोभेम्बरसम्ममा कुल ७७ लाख हवाई यात्रुहरूले यात्रा गरेकामा २०२४ नोभेम्बरसम्म यो संख्या ८७ लाख ६० हजार ३०२ रहेको उनले सुनाए। गत वर्षको तुलनामा यात्रु संख्यामा आन्तरिकतर्फ १३ प्रतिशतले वृद्धि भएको उनले बताए ।

नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको संख्या सन् २०२३ मा २९ रहेकामा हाल २०२४ मा भिस्तारा एयरलाइन्स एयर इन्डियामा मर्ज भएपछि २८ मा झरेको पनि उक्त प्रगति विवरणमा उल्लेख गरिएको छ।

नेपालबाट १६ देशका २९ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान भइरहेको र आन्तरिकतर्फ संचालन अनुमतिप्राप्त जम्मा २१ वटा वायुसेवामध्ये हाल क्रियाशील वायुसेवा कम्पनीहरूको संख्या १९ रहेको जनाइएको छ, जसबाट कुल ५५ वटा विमानस्थलमध्ये ३५ वटा विमानस्थलहरू आन्तरिक हवाई सेवा संजालमा जोडिएका विवरणमा उल्लेख छ ।

हेलिकोप्टरको हकमा सन् २०२४ को हालसम्म नियमित हेलिकोप्टर चार्टर तथा उद्धार (निषेधित क्षेत्रबाहेक) करिब ४ हजार ५०० वटा उडान सम्पन्न भएका तथा अन्य निषेधित क्षेत्रमा हेलिकोप्टरको उद्धार, सिलिङ तथा यात्रु चार्टर उडानमा १ हजार १२० उडान संचालन भएको उनले बताए ।

## साउदी ...

गत जेठमा साउदी आईडीको समस्या चर्किएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पहलमा ब्लक भएका साउदी आईडी सुचारु र केही नवीकरण भएका थिए ।

त्यसपछि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले समस्या समाधानका लागि मिहिनेत गरेको भन्दै संघका साउदी संयोजक बैकुण्ठ पौडेललाई सम्मानसमेत गरेको थियो। तर, हाल साउदी अरेबियाको डिमान्ड ल्याउन सक्ने ठूलो संख्यामा रहेका म्यानपावर कम्पनीले साउदी आईडी नपाउँदा कामदार पठाउन नपाएको बताएका छन् ।

साउदी अरेबियाले भिजन सन् २०३० योजनाअन्तर्गत आफ्नो महत्त्वाकांक्षी विकास परियोजनाहरूलाई गति दिँदा श्रमिकको मागमा वृद्धि भएको छ ।

त्यस्तै, साउदीले सन् २०३४ मा फिफा विश्वकप र सन् २०३० मा रियाद एक्स्पोसहित धेरै रोजगारी सिर्जना हुने परियोजना तयारी गरिरहेको छ । यसका साथै हवाई, रेलवे र खेलकुद स्टेडियमहरूमा ठूला पूर्वाधार परियोजनामा धमाधम काम भइरहेको साउदी अरेबियाका संचार माध्यमहरूले उल्लेख गरेका छन् । नेपालस्थित साउदी दूतावासले व्यवसायीहरूलाई साउदी आईडी दिन पूरै रोकेको छैन तर दूतावासले आईडी वितरणमा नियन्त्रणमुखी रवैया अपनाउँदा व्यवसायीहरू हैरान भएका छन् ।

साउदी आईडी नपाएका कतिपय म्यानपावर व्यवसायीले साउदी अरेबियामा एकलौटी कामदार पठाउन चाहने केही ठूला व्यवसायीले दूतावासलाई अनुचित प्रभावमा पारेर आफूहरूलाई काम गर्नबाट बञ्चित गराउने प्रपञ्च गरेको समेत आरोप लगाउने गरेका छन्। व्यवसायीहरूले साउदी आईडीका लागि संघले विशेष पहल गरिदिन माग पनि गरेका छन् ।

## आजदेखि...

पुससम्म स्वास्थ्य परीक्षण गराउनुपर्ने जनाएको छ। स्वास्थ परीक्षणका लागि कामदारले १२ हजार रुपैयाँ हाराहारीमा शुल्क बुझाउनुपर्ने छ। नेपालले गत ९ कात्तिकमा नेपाली कामदार इजरायलमा नपठाउने निर्णय गरेको थियो ।

इजरायलले नेपालबाट २ हजार केयर गिभर लैजान लागेको छ । तर, इजरायलमा लडाइँ चर्केपछि छनोट भएकाहरू लामो समयदेखि उडानको प्रतीक्षामा छन् । इजरायल जान केयर गिभरका लागि २ हजार ११२ जना नेपाली श्रमिक छनोट भएका छन्। त्यसमा १ हजार १५६ महिला र ९५६ पुरुष छन् । तीमध्ये पहिलो चरणमा १ हजार जना र बाँकी दोस्रो चरणमा लैजाने बताइएको छ।

इजरायलले नेपालसहित थाइल्यान्ड, फिलिपिन्स, चीन, भारत र श्रीलंकाबाट कामदार लगिरहेको छ । श्रीलंका र भारतबाट कृषिका लागि कामदार गएका छन्। गत भदौमै इजरायलले भारतबाट ५ हजार केयर गिभरसहित १५ हजार श्रमिक लैजाने प्रक्रिया अगाडि बढाएको थियो ।

नेपालले भने युद्धका कारणले असुरक्षा बढेको भन्दै पठाउन लामो समय रोक्यो । इजरायलस्थित नेपाली दूतावासले नेपालीले काम गर्ने दीर्घकालीन स्याहारसुसार केन्द्रहरू सुरक्षित रहेका बताए पनि इजरायलमा हमास लडाकुको आक्रमणमा १० जना नेपालीको मृत्यु भएको र अपहरणमा परेका विपीन जोशीको अवस्था अझैसम्म अज्ञात रहँदा नेपालीको मनमा रहेको त्रास भने हटी नसकेको छनोटमा परेका कतिपय युवाहरूको भनाइ छ।

केयर गिभरमा तलब सुविधा भने अत्यन्तै आकर्षक मानिएको छ। ५ वर्षसम्मको करार अवधि र मासिक २ लाख २० हजार रुपैयाँ बराबरको तलब भएकाले नेपाल प्रहरी र सेनाका मात्र नभएर लोकसेवा पास गरेर सरकारी सेवामा भर्ना भएका केही कर्मचारीले पनि इजरायल जान आवेदन दिएका बताइएको छ ।

# ‘श्रम र पुँजीलाई सँगै अघि बढाउन आवश्यक छ’



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले श्रमप्रतिको सम्मान गरी श्रम र श्रमिक केही हुन् भन्ने मान्यतालाई विशेष जोड दिनुपर्ने बताएका छन् । उनले मुलुकले चाहेको आर्थिक र भौतिक विकासको गति अघि बढाउनु आजको आवश्यकता भएको बताए । संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा काठमाडौंमा मंगलबार आयोजित छैटौं श्रम संसदलाई सम्बोधन गर्दै उनले सो धारणा व्यक्त गरे। मुलुकको विकास भनेको केबल आर्थिक र भौतिक मात्र नभइ यससँग मानवीय विषय पनि उत्तिकै जोडिएको उल्लेख गर्दै उनले प्राकृतिक स्रोत साधन र पुँजीको परिचालन श्रमजीवी वर्गले गर्ने बताए ।

उनले भने, ‘श्रम र पुँजीलाई सँगै अघि बढाउन आवश्यक छ, त्यसैले श्रमप्रतिको सम्मान गरी श्रम र श्रमिक केही हुन् भन्ने मान्यतालाई विशेष जोड दिएर मुलुकले चाहेको आर्थिक र भौतिक विकासको गति अघि बढाउनु आजको आवश्यकता हो भन्ने मलाई लाग्दछ ।’ आफ्नो राजनीतिक जीवनमा देशको सामाजिक र आर्थिक रुपान्तरणका लागि कृषक, श्रमिक तथा मजदुरको सम्मानको विषयलाई आफूले सदैव प्राथमिकता दिएको उनले स्मरण गरे ।

‘निमुखालाई न्याय अनि विपन्नलाई आय र श्रमको सम्मान गर्ने संस्कृति नै यो देशको विकासको आधार हो भन्ने विषयलाई मैले सदैव जोड दिँदै आएको छु, सफल राजनीतिक परिवर्तनपछि देशले चाहेको विकास र समृद्धिको आधार पनि हामीले यही अवधारणाको जगमा खोज्नुपर्दछ’, राष्ट्रपति पौडेलले भने ।

यसैवर्ष जुनमा जेनेभामा सम्पन्न ग्लोबल कोलीसन फर सोसियल जस्टिससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वभरका श्रमिकहरूलाई सम्बोधन गर्दा पनि आफूले सामाजिक न्यायका लागि सबैबीच कसिलो गठबन्धन आवश्यक रहेकोमा जोड दिएको विषय पनि उनले स्मरण गरे ।

नेपालका श्रमजीवीहरूले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा गरेको योगदान सराहनीय रहेको र सोही योगदानका कारण संविधानमा उचित श्रम अभ्यास, संगठन गर्न पाउने स्वतन्त्रता, सामूहिक सौदावाजी र योगदानमा आधारित सामाजिक सुरक्षाजस्ता विषय मौलिक हकका रुपमा रहन पुगेको उनले उल्लेख गरे । ‘नेपालमा सबैभन्दा ठूलो श्रमिकहरूको संख्या कृषि क्षेत्रमा रहेको हुनाले मैले व्यावसायिक कृषि कार्यक्रम र कृषि क्रान्तिको कुरा श्रमिकको जीवनमा क्रान्ति ल्याउनकै लागि गरेको हुँ’, उनले भने ।

# बालविवाहसम्बन्धी कानुन कार्यान्वयनमा जोड



**काठमाडौं/मस–** महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री नवल किशोर शाहले कागज (कागजको खोस्टा)मा मात्रै कानुन बनाएर बालविवाह सम्बन्धि समस्या समाधान नहुने बताएका छन् । बाल विवाहमुक्त नेपाल अभियान सञ्चालनका लागि अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले कुनैपनि कानुन वास्तविक व्यवहारमा ल्याउन नसके धेरै कठिनाइ हुने बताएका हुन्। उनले भने,‘कानुनमा त्रुटि छैन, कानुन त बनायौं तर कागजको खोस्टामा कानुन बनाएर मात्रै यो बालविवाहको समाधान हुनेवाला छैन् । किनभने, कानुन बनेको धेरै समय बितिसक्यो । जबसम्म संघ, प्रदेश र पालिकास्तरमा समन्वय हुँदैन तबसम्म कुनैपनि कानुन बास्तविक व्यवहारमा ल्याउन कठिनाइ हुन्छ ।’

विशेषगरी बालविवाह र छोरीहरुको शिक्षाको सम्बन्धमा तीन तहको सरकारले समन्वय नगरे समन्वयकारी नीति नआउने बताए । मन्त्री शाहले भने,‘खास गरेर बालविवाह र छोरीहरुको शिक्षाको सम्बन्धमा कानुनीरुपमा सबैलाई ‘राइट टु एजुकेसन’ छ । तर कुन उपाय छ, यसमा मेरो स्पष्ट धारणा छ-जबसम्म संघ प्रदेश र पालिकामा समन्वयकारी नीति आउँदैन ,समन्वय हुँदैन तवसम्म देशको विकास हुँदैन । यदि देशलाई समृद्धि देश बनाउनुछ भने देशको नीनै तहको सरकारलाई मिलेर काम गर्नुपर्छ । संघ र प्रदेशले कानुन बनायो स्थानीय सरकारले कार्यान्वयन गरेन भने कानुन किताबमा मात्र रहन्छ ।’

उनले सबैलाई आफ्नो तहबाट सबैले काम गर्न र कानुनको पालना गरी बालविवाहमुक्त नेपालको सहयोग गर्न आग्रह गरे । सोही कार्यक्रममा बोल्दै संघीय सांसद रन्जुकुमारी झाले २०३० सम्म नेपाललाई बालविवाहमुक्त बनाउने दाबी गरिन् । उनले भनिन्,‘हाम्रो २०३० सम्म नेपाललाई बालविवाहमुक्त बनाउने र दिगो विकासको लक्ष्यमा पुग्ने भन्ने छ, तर पुग्ने अवस्था देखिएको छैन। किनभने रणनीति कार्यान्वयन भएको छैन । तीनै सरकारबीच समन्वय गरी पालना गर्नुपर्छ ।’

# खानेपानी समस्या दीर्घकालीन समाधान गर्छु : मन्त्री यादव



**सरु भूसाल/मध्यान्ह**
पाल्पा, १६ पुस

खानेपानीमन्त्री प्रदीप यादवले पाल्पा, गुल्मी, अर्घाखाँची जिल्लामा खानेपानीका समस्या दीर्घकालीन रूपमा समाधान गर्न महत्वपूर्ण योजनाहरू अगाडि सारेको बताएका छन् । मंगलबार पाल्पा खानेपानी आयोजनाका पदाधिकारीसँगको छलफल र कालिगण्डकी खानेपानी आयोजनाको स्थलगत निरीक्षणपछि आयोजित कार्यक्रममा मन्त्री यादवले पाल्पा जिल्लावासीको खानेपानीका समस्या दीर्घकालीन रूपमा समाधान गर्नका लागि मन्त्रालयबाट यस आर्थिक वर्षमा धेरै आयोजनाहरु कार्यान्वयन भइरहेको जानकारी दिए ।

उनले भने,‘म खानेपानीका विषयमा नागरिकलाई परेका दुःख र त्यसको समाधान गर्ने उद्देश्यले दुर्गम जिल्ला गुल्मी, पाल्पा, अर्घाखाँचीको अनुगमनका लागि दौडिरहेको छु । आज पाल्पा आइपुगेको छु । यहाँका नागरिकका पानीका समस्या समाधानका लागि महत्वपूर्ण योजनाहरू अगाडि सारेको छु ।’

जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्न थालेका कारण नागरिकलाई खानेपानीको समस्या भइरहेकाले त्यसको दीर्घकालीन समस्या समाधानका लागि गृह कार्य भइरहेको उनले बताए । मन्त्री यादवले आफू मन्त्री पदमा रहे/नरहेपनि नेपाली नागरिकका सुख दुःखमा हरहमेसा साथ दिइरहने प्रतिबद्धता जनाए । उनले पाल्पामा चुनौतीपूर्ण भौतिक अवस्थाका बाबजुद खानेपानी पहुँचको दिगो समाधानका लागि मन्त्रालयबाट यस आर्थिक वर्षमा सरकारले महत्वपूर्ण खानेपानी तथा ढल व्यवस्थापनका विभिन्न योजनाहरू अगाडि सारेको बताए । कार्यक्रममा संघीय खानेपानी ढल व्यवस्थापन आयोजना अर्घाखाँचीले आर्थिक वर्ष २०८१/०८२ मा अर्घाखाँची, गुल्मी, पाल्पा गरी ३ जिल्लाका १ सय ११ आयोजनाहरु कार्यान्वयनमा ल्याएकोमा मन्त्री यादवले धन्यवाद दिए ।

आयोजनाको कार्यक्षेत्रभित्र पर्ने तीन जिल्लामा योजनाको कामहरु अहिले निरन्तर रुपमा अगाडि बढेको आयोजनाका सिनियर डिभिजन इन्जिनियर अरुण खरेलले मन्त्री यादव, खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी ब्रजाचार्य, मन्त्रालयका महानिर्देशक राजकुमार श्रेष्ठलाई जानकारी गराएका थिए । खरेलका अनुसार ३ जिल्ला हेर्ने यस आयोजनाको कार्यक्षेत्रभित्र खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अर्घाखाँचीमा १६, गुल्मीमा २८, पाल्पामा १४ गरी ५८ योजनाहरु छन् भने खानेपानी गुणस्तर तथा सुधार कार्यक्रममा ८ योजना समावेश छन् ।

जलवायु अनुकुलित बृहत् खानेपानी आयोजना २७ र ढल निर्माण तथा प्रशोधन कार्यक्रममा ३ योजना, खानेपानी सरसफाइ सह-लगानी कार्यक्रममा २ योजना तथा केन्द्रीय खानेपानी आयोजना १५ वटा गरी ३ जिल्लामा १ सय ११ योजना छनोटमा परेका थिए । तीन जिल्ला बहुवर्षीय योजनाहरु हाडेखोला, चिदिका बृहत् पम्पिङ खानेपानी योजना, सुवर्णखाल सितापुर ठाडा सिमलपानी खानेपानी योजना, अर्घाखाँची बर्तुङ खानेपानी योजना, पाल्पा रेसुंगा खानेपानी योजना गुल्मीको काम यस आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न हुने र उपभोक्तालाई मिटरसहितको धारा जडान गरिने आयोजना प्रमुख खरेलले कार्यक्रममा बताए । तानसेन खानेपानी आयोजनाबाट तानसेनका चार हजार सात सय २९ जना लाभान्वित हुने साइट इन्जिनियर मोहन पोखरेलले जानकारी दिए ।

# पर्यटन प्रवर्द्धनका लागि लायन्स क्लव शुभारम्भको सूर्यगढी हाइकिङ



**कविता लामिछाने (न्यौपाने)/मध्यान्ह**
नुवाकोट, १७ पुस

लायन्स क्लव अफ काठमाडौं शुभआरम्भले नुवाकोट जिल्लाको ऐतिहासिक गढी सूर्यगढीको हाइकिङ गरेको छ । लायन्स क्लबका अध्यक्ष सुशान्त न्यौपानेका अनुसार पर्यटन पवर्द्धनमा योगदान दिने उद्देश्य र लुकेर रहेका ऐतिहासिक गन्तव्यहरुको प्रचार-प्रसारका लागि १५ जनाको समूहले सूर्यगढी हाइकिङ गरेको मध्यान्हलाई जानकारी दिए ।

त्यस्तै लायन्स सदस्यहरुले तिर्थस्थलहरुको पदयात्रा अन्तर्गत बागेश्वरी मन्दिर, दुप्चेश्वर महादेव र नुवाकोट सातत‌ले दरबार क्षेत्रमा रहेको भैरवी मन्दिरको भ्रमण गरेका छन् ।

भाष्कर श्रेष्ठ, राजेश श्रेष्ठ, सुशान्त न्यौपाने, सुरज कार्की, सविता श्रेष्ठ, प्रविण गौतम, भूपाल गौतम, विष्णु पौडेल, कमला पौडेल, कुमार ढकाल, कृष्ण भट्टराई, तिलक पौडेल र हरिदत्त तिमिल्सिना लगायतले हाइकिङ र तिर्थस्थल पदयात्रा गरेका हुन् ।

सूर्यगढी समुन्द्री सतहबाट १६७३ मिटरको उचाईमा पर्दछ । यो गढीको लम्बाई ६६ फिट पूर्व-पश्चिम, चौडाई २६ फिट उत्तर-दक्षिण, उचाई ८ फिट र पर्खालको मोटाई ४ फिट रहेको छ । यो गढी वि.सं. १८४९ मा नेपाल-चीन, तिब्बत युद्धमा तिब्बती सेना बेत्रावती हुँदै नुवाकोटतर्फ अघि बढ्न खोजेपछि निर्माण गरिएको गढी हो । नेपाल सेनाले मुलकोट डाँडो नुवाकोटलाई सुरक्षित आधार तयार पार्नको लागि बेत्रावती नदी (फलाखु खोला) वरिपरिको किल्ला मजबुद नाउने क्रममा नेपाली सेनाले चोकदे-गेर्खुको डाँडाभरी बलियो गढीहरु बनाएको थियो । सूर्यगढीबाट रसुवाको कालिका गाउँपालिका, नौकुण्ड गाउँपालिकाको सम्पूर्ण भाग देखिनुका साथै थुप्रै हिमश्रृंखलाहरुलाई नजिकबाट नियाल्न सकिन्छ । त्यस्तै नुवाकोटका धेरै भागहरुलाई नजिकबाट नियाल्न सकिन्छ ।

# सेवानिवृत्त बरिष्ठ प्रहरी अधिकृतहरूको बिदाइ



**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले प्रहरी सेवाबाट सेवानिवृत्त भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरूलाई बिदाइ गरेका छन्। महानिरीक्षक कुँवरले अतिरिक्त महानिरीक्षकहरू किरण बज्राचार्य, भिम प्रसाद ढकाल, केदार ढकाल र भरत बहादुर बोहरा तथा प्रहरी नायव महानिरीक्षकहरू विकास राज खनाल र डा.देउती गुरूङलाई मंगलबार नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रमबीच बिदाइ गरेका हुन् ।

बिदाइ समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले संगठनले सुम्पिएका हरेक जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी सेवानिवृत्त हुनु भएका वरिष्ठ प्रहरी अधिकृतहरूको व्यावसायिकता, संगठन प्रतिको निष्ठा, बहुआयामिक प्रतिभा, लगनशीलता, नैतिकता र इमानदारीताको उच्च प्रशंसा गरे ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले सेवानिवृत्त भएका प्रहरी प्रहरी अतिरिक्त महानिरीक्षकहरू किरण बज्राचार्य, भिम प्रसाद ढकाल, केदार ढकाल र भरत बहादुर बोहरा तथा प्रहरी नायव महानिरीक्षकहरू विकास राज खनाल र डा.देउती गुरूङलाई मायाको चिनो प्रदान गरेका थिए।

कार्यक्रममा सेवानिवृत्त भएका प्रहरी अतिरिक्त महानिरीक्षकहरू किरण बज्राचार्य, भिम प्रसाद ढकाल, केदार ढकाल र भरत बहादुर बोहरा तथा प्रहरी नायव महानिरीक्षकहरू विकास राज खनाल र डा.देउती गुरूङले आ-आफ्नो सेवा अवधिमा गरेका विभिन्न कार्यहरू स्मरण गर्दै अनुभव सहितको आ-आफ्नो मन्तव्य राखेका थिए । सेवा अवधिभर संगठनले सुम्पिएको जिम्मेवारीमा केन्द्रित भइ काम गरेको उल्लेख गर्दै आगामी दिनमा समेत संगठनलाई रचनात्मक सहयोग गर्न आफूहरू तयार रहेको बताएका थिए ।


**कतारमा रोजगार**
कम्पनी: Doha Group Trading & Contracting W.L.L. शहर: Qatar
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.:६०२३०६२९ LT. No.: 316352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1100 | ४१,२०६ | | | | | | | |
| 3. | Mason. | 10 | 0 | | 1100 | ४१,२०६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २४ गते (8 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोन: ४९५१७३२, ४९६५८२६,
फ्याक्स: ४३६४५७३, मोबाइल: ९८०१२२४१७० E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

**Cyprus मा रोजगार | Medeon International Placement Agency Ltd., Larnaca, Cyprus**
पूर्व स्वीकृती मिति २०८१।०९।१६ चलानी नं. ६०२३०६१४ LT.No. 316380

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 15 | - | काममा दक्ष | 900 | १२८,१५२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Domestic Worker | - | 05 | | 400 | ५६,९५६।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रू. ७००।- | कामदार स्वयं रू. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८१ पौष २४ गते (8 January, 2025) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नु होला।

**Kosh Overseas Pvt. Ltd.**
Seti Opi Marg, Koteshwor-32, Ktm, Ph no. 01-4537535, 4537536, 9851197732
इजाजत नं. १५०६/०७४/७५



## शैल्यशिखर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने तथा बोलपत्र स्वीकृत समम्बन्धि सूचना**

**सूचना प्रकाशित मितिः २०८१/०९/१७**

यस कार्यालयबाट मिति २०८१/०७/२६ गते प्रकाशित सूचना IFB No.M SM/NCB/WORK/०२/२०८१/०८२ को आधामा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू नियमानुसार मूल्यांकन गरिदा सारभूत रूपमा प्रभावग्राही देखिन आएका तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव स्विकृत भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१, उपनियम (ज) को दफा ५ बमोजिम आर्थिक प्रस्ताव निम्न बमोजिमको स्थान, मिति र समयमा खोलिने भएको व्याहोरा सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्थान : शैल्यशिखर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय दार्चुला
मिति : २०८१-०९-२३ गते समय : १३:०० बजे

तपसिलः

| क्र.सं. | ठेक्काको नाम, नम्बर | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना |
|---|---|---|
| १. | Construction of Bagaura Ranishikhar Dethala Road, SM/NCB/WORK/02/2081/82 | Maharudra Nirman Sewaa, Ward no 08 Satbanjh Baitadi Nepal |
| | | Royal/Nagarjun J.V. Shailyashikhar9, Darchula, Gokuleswor, Nepal |
| | | Rajdhani/Balichan J.V., Dhangadhi, Kailali |
| | | J.C-Bam Nirman Sewa J/V Baneshwor-10), Kathmandu Nepal |
| | | SK Construction, Ashigram 7 Dadeldhura |
| | | Rithgade Nirman Sewa, Byash-5 Darchula Darchula |
| | | S.K./Api/Kailash J.V., Shailyashikhar 9, Gokuleshwor Darchula, Nepal |
| | | Namaskar Nirman and Dhuwani Sewa, Mahakali Municipality - 5, Darchula |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ पुस २०८१, बुधबार
1 January 2025, Wednesday

## सम्पादकीय

# सत्ता स्वार्थले गाँजिएको 'मेलमिलाप'

**संस्थापक नेता बीपी कोइरालाले २०३३ सालमा लिएको राष्ट्रिय एकता तथा मेलमिलाप नीतिको सम्झनामा नेपाली कांग्रेसले यस पटक पनि विभिन्न गतिविधि गरेको छ । कांग्रेसले बर्सेनि १६ पुसमा बीपीको मेलमिलाप नीति सम्झने गरेको छ । निर्वासनबाट स्वदेश फर्कंदै गर्दा बीपीले राष्ट्रिय स्वाधीनताका निम्ति तत्कालीन राजासँग एकता भनेका थिए । तिनै बीपीको सत्ता र जननिर्वाचित संसद् भंग गर्दै २०१७ सालमा राजा महेन्द्रले निर्दलीय पञ्चायत लादेपछि कांग्रेसले सशस्त्र विद्रोहकै हिम्मत गरेको थियो । तर, कांग्रेसको विद्रोहले पञ्चायत अन्त्य गर्न नसकेपछि बीपी कोइरालाले मेलमिलापको नीति लिएका थिए । त्यो नीतिलाई लिएर कांग्रेस नेताहरूले आजभोलि देशको सार्वभौमिकताप्रति चिन्ता गर्ने गर्छन् । पञ्चायतको जेल र निर्वासित जीवनपछि स्वदेश फर्कने क्रममा बीपीले पनि मुलुकको सार्वभौमिकताकै चिन्ता गरेका थिए ।**

**यद्यपि, बीपीले मेलमिलापको नीति लिइरहँदा र अहिलेको राजनीतिक परिस्थितिमा आकाश–पातालको परिवर्तन आइसकेको छ । पञ्चायत २०४६ सालमै ढल्यो, २०६२/०६३ सालपछि राजतन्त्रकै अन्त्य भइसक्यो । त्यो बेला खतराका रूपमा व्याख्या गरिएको कम्युनिस्ट पार्टीहरूसँग त कांग्रेसले धेरै पटक सहकार्य गरिसक्यो । २०४६ सालको युगान्तकारी परिवर्तनकै बखत कांग्रेसले कम्युनिस्टसँग सहकार्य गरेको थियो । राजतन्त्र अन्त्य गर्ने आन्दोलनमा पनि कम्युनिस्टसँगै सहकार्य भयो । २०४७ साल र २०७२ सालको संविधानका अन्तर्वस्तुमा पनि कम्युनिस्टहरूसँग साझेदारी गर्नुपर्‍यो । तसर्थ, बीपीले देखेको राजनीतिक परिवेश र परिवर्तित सन्दर्भ मिल्दैन । तथापि, कांग्रेसका नेताहरूले मेलमिलापको नीति सान्दर्भिक भनिरहेका छन् ।**

**तर, शक्ति संघर्षकै समीकरण हेर्दा त कांग्रेसले निकाल्ने 'सान्दर्भिकता' शब्द सही होइन किनकि कम्युनिस्टलाई खतरा देख्ने अनि राजासँग मुलुकको सार्वभौमिकताका निम्ति साझेदारी भन्ने कुरो नै असान्दर्भिक भइसक्यो । त्यसैले यसबारे धेरै चर्चा गरिरहनुपर्दैन । तर, जहाँसम्म मुलुकको सार्वभौमिकताको सन्दर्भ छ, त्योचाहिँ अहिले पनि ढुक्क हुने स्थिति छैन । मुलुक संचालनको सम्पूर्ण निर्णय सार्वभौम जनताको जनादेशबमोजिम नभइरहेकामा स्वयं नेताहरूले बेलाबखत चिन्ता गर्ने गरेका छन् । सत्ता परिवर्तनको एउटा महत्त्वपूर्ण पक्षधर नै विदेशी शक्ति रहेको टिप्पणी बारम्बार सुन्ने गरिन्छ । र, सत्ताको अस्थिरता नै विकासको सूचीमा देश पछाडि पर्नुको कारण पनि बताइने गर्छ । तसर्थ, नेपाली जनतामा निहीत सार्वभौमिकतालाई सर्वोपरी ठानेर निर्णय लिने कुरा गर्दा बीपीको नीति सान्दर्भिक मान्न सकिन्छ । तथ्य पनि यही हो । त्यसैले सत्ता स्वार्थबाट मुक्त भएर नेताहरूले जनता, देश र संविधानप्रति इमान्दार हुँदा बीपीप्रति पनि सम्मान हुने छ ।**

# यौनिक अल्पसंख्यकको सहभागिता

*संविधानसभामा सुनिलबाबु पन्तको उपस्थितिले समग्र अधिकार प्राप्तिको आन्दोलनलाई टेवा पुर्‍याएको त थियो तर खासगरी समाजमा पूर्ण रुपमा बहिस्कृत, अपहेलित यौनिक अल्पसंख्यक समुदायलाई समेत सोझै राजनीतिक बहसको केन्द्रमा तानेको थियो...*

*अग्रलेख*



● किरण बिक

पहिलो संविधानसभा र दोस्रो संविधानसभामा धेरै प्रकारका अधिकार र धेरै प्रकारका कर्तव्यबारे काफी बहस भएको थियो । महिला अधिकार, दलित अधिकार र जनजाति अधिकार सन्दर्भका मुद्दाचाहिँ चर्कै सुनिन्थ्यो ।

पहिलो संविधानसभा धेरै कारणले विशेष त छँदै थियो, त्यसमाथि एउटा सन्दर्भचाहिँ जिलकुल नयाँ र रोचक थियो नेपाली राजनीतिमा, त्यो हो- यौनिक अल्पसंख्यक कलस्टरबाट पनि संविधानसभा सदस्यका रूपमा सुनिलबाबु पन्त ।

सुनिल बाबु पन्तले एक भेटमा पंक्तिकारसँग अनौपचारिक रूपमा बताएअनुसार सुरुमा नेकपा संयुक्तले अनिवार्य रूपमा सबै समानुपातिकमा नाम राख्नुपरेपछि आफ्नो पनि नाम राखिएको र पछि उनीभन्दा माथिको नाम नभएपछि आफ्नो नाम राखिएको बताएका थिए । यसरी पन्तले ऐतिहासिक रूपमा आफ्नो नाम नेपालको पहिलो यौनिक अल्पसंख्यक (त्यति बेला प्रचलित शब्द) वर्गीकरणबाट दर्ज गर्न सफल भए ।

संविधानसभामा पन्तको उपस्थितिले समग्र अधिकार प्राप्तिको आन्दोलनलाई टेवा पुर्‍याएको त थियो तर खासगरी समाजमा पूर्ण रूपमा बहिस्कृत, अपहेलित यौनिक अल्पसंख्यक समुदायलाई समेत सोझै राजनीतिक बहसको केन्द्रमा तानेको थियो । त्यति बेला नेपाली समाजको जुन अवस्था थियो, त्यसअनुसार हेर्दा संविधानसभामा पन्तको उपस्थिति निकै नै प्रगतिशील कदम थियो ।

पन्त संविधानसभामा निर्वाचित भई नेपालका पहिलो खुला समलैंगिक सांसद बने । उनले यौनिक अल्पसंख्यक समुदायको मुद्दालाई संविधान निर्माण प्रक्रियामा लैजान महत्त्वपूर्ण योगदान गरे । राजनीतिक दलहरूमा केही समावेशी प्रयास भए पनि हालसम्म यौनिक अल्पसंख्यकहरूको नेतृत्व र निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता सीमित छ । तर, त्यसरी सुरुवात भएको अल्पसंख्यक समुदायको राजनीतितर्फको यात्रा औपचारिक पदहरूलाई हेर्दा त्यही नै पहिलो र अन्तिम जस्तो हुन पुगेको छ ।

दोस्रो संविधानसभामा यौनिक अल्पसंख्यक समूहको गैससहरूले, अभियन्ताहरूले प्रत्येक दललाई प्रतिनिधित्व गराउन ज्ञापनपत्र बुझाएका थिए । नेपाली राजनीति जति अघि बढ्दै गयो झन्झन् यौनिक अल्पसंख्यकको उपस्थिति त्यति टाढाटाढा हुन पुगेको छ । तथ्यले त्यही देखाउँछ ।

यौनिक अल्पसंख्यकको राजनीतिक गतिविधि पनि महिला, दलित र जनजातिको जस्तो केही नपाउँदै कति चाहियो ? पुगेन अझै : भनेर गाली खाने ठाउँमा आइसकेको जस्तो लाग्छ । यद्यपि, सुनिलबाबु पन्तपछि २०७४ सालको स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिका वडा- ११ को वडा सदस्यमा दीपेश भण्डारीले मात्र उम्मेदवारी दर्ता गरे ।

२०७९ सालको स्थानीय तहको निर्वाचनमा सरिन तामाङ 'गोमा' धरानको मेयरको चुनावमा उठेका थिए । हालैको स्थानीय तहको उपनिर्वाचनमा पनि कीर्तिपुर नगरपालिका वडा- १६ को अध्यक्षमा तेस्रो लिंगी महिला दीपक महर्जन (हनी) र राजीव महर्जन (मौनी)ले उम्मेदवारी दिएका थिए । मेयरमा दीपक महर्जन (हनी) र वडा- ४ को वडा अध्यक्षमा मौनीले उम्मेदवारी दिएका थिए ।

हुनत अल्पसंख्यक समूहलाई पहिला समाजमा सामान्य नागरिक भएरै बाँच्न गाह्रो छ । अल्पसंख्यक समूहको पहिलो प्राथमिकता नै सम्मानपूर्वक बाँच्न देऊ भन्ने हो । उनीहरूलाई खुलेर बाँच्न सक्ने समाज नै हामीले अझै बनाइसकेका छैनौं । नेपाली समाज अझै पनि अल्पसंख्यक समूहप्रति अनुदार छ ।

हालसम्म संसद्मा प्रतिनिधित्व गर्ने कुनै पनि दलमा अल्पसंख्यकलाई केन्द्रीय सदस्यको कोटा छुटचाइएको छैन । ती दलका भ्रातृ संगठनमा पनि अल्पसंख्यक समूहलाई केन्द्रीय सदस्य छुटचाइएको छैन, न उनीहरूलाई राजनीतिमा ल्याउन स्वयं दलले, न त राजनीतिक दलको कानुनले वा अन्य राज्यका कुनै निकायले कोसिस गरेका छन् ।

यौनिक अल्पसंख्यकलाई राजनीतिमा ल्याउन पहिला उनीहरूलाई राजनीतिक सचेतता दिन जरुरी छ अनि उनीहरूलाई भोटर लिस्टमा नाम दर्ता गराउन प्रेरित गर्नुपर्छ । हामीकहाँ राजनीति नीति केन्द्रितभन्दा पनि संख्या केन्द्रित हुने हुनाले पहिला भोटर हुन जरुरी छ । उल्लेख्य संख्यामा अल्पसंख्यक समूहको नाम भोटर लिस्टमा भयो भने राजनीतिक दलले उनीहरूलाई बेवास्ता गर्न सक्दैनन् ।

नेपालको संविधानको धारा १८ ले समानताको हकअन्तर्गत यौनिक अल्पसंख्यकको हक अधिकारलाई उल्लेख गरेको छ । धारा १८ ले अल्पसंख्यक समूहलाई नै लक्षित गर्दै 'लैंगिक तथा यौनिक अल्पसंख्यक' भन्ने शब्द प्रयोग गरेको छ अर्थात् राज्यले यौनिक अल्पसंख्यकलाई सम्बोधन गरेको छ भन्न सकिन्छ । व्यक्तिलाई सहानुभूतिकै आधारमा लैंगिक पहिचानको अधिकार हुन्छ भनेर २०८१ सालको साउनमा सर्वोच्च अदालतले उदार व्याख्यासहितको फैसला गरेको छ ।

संविधानमा उल्लेख भएको यो शब्द अन्य राज्यका नीतिहरूमा पनि प्रयोग छ । कतिपय ठाउँमा महिला, पुरुष र अन्य भनेर पनि यौनिक अल्पसंख्यकलाई सम्बोधन गरिएको छ । संविधानको धारा १२ र ४२ ले पनि लैंगिक तथा यौनिक अल्पसंख्यकको विषयमा उल्लेख गरे पनि नागरिकता लिनेदेखि वैवाहिक मान्यता र शिक्षा पाउनेजस्ता विषयमा समस्या सहनुपरेको अवस्था छँदै छ ।

सर्वोच्च अदालतले २०६४ सालको पुसमा पहिचानका आधारमा तेस्रो लिंगीलाई नागरिकता दिन भनेर आदेश दिएको थियो । सर्वोच्च अदालतको २०६४ सालको ऐतिहासिक फैसलाले यौनिक अल्पसंख्यकहरूको अधिकारलाई मान्यता दिन र उनीहरूको सुरक्षाका लागि कानुनी संरचना बनाउन आदेश दिएको । २०७८ सालमा गरिएको १२औं जनगणनामा पहिलो पटक महिला र पुरुषबाहेक अन्य लैंगिक र यौनिक पहिचान भएकाहरूलाई उल्लेख गरेको थियो । १२औं राष्ट्रिय जनगणनाका अनुसार यौनिक तथा लैंगिक अल्पसंख्यकको जनसंख्या २ हजार ९२८ छ । हाल नेपालमा ब्लु डायमन्ड सोसाइटी, मायाको पहिचान, गेहेन्द्र धिमाल फाउन्डेसनलगायतका संस्थाहरू राजनीतिक दल र सरकारसँग मिलेर नीति परिवर्तन गर्न र यौनिक अल्पसंख्यकको राजनीतिक सहभागिता बढाउने कार्यमा संलग्न छन् ।

> ठूला राजनीतिक दलहरुले चुनावी घोषणापत्रमा बाध्यकारी रुपमा यौनिक अल्पसंख्यकहरुको अधिकारका लागि प्रतिबद्धता देखाउन थालेका पाइन्छ । यद्यपि, राजनीतिमा यौनिक अल्पसंख्यकको सहभागिता बढाउन राजनीतिक दलहरुले यौनिक अल्पसंख्यकहरुको समावेशीकरणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्छ...

केही दलहरूले समावेशिताको नीतिमा यौनिक अल्पसंख्यक समुदायलाई उल्लेख गरे पनि स्पष्ट रणनीति र कार्यक्रमको अभाव छ । ठूला राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा बाध्यकारी रूपमा यौनिक अल्पसंख्यकहरूको अधिकारका लागि प्रतिबद्धता देखाउन थालेका पाइन्छ ।

यद्यपि, राजनीतिमा यौनिक अल्पसंख्यकको सहभागिता बढाउन राजनीतिक दलहरूले यौनिक अल्पसंख्यकहरूको समावेशीकरणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्छ । नेतृत्व विकास कार्यक्रमहरूमार्फत यौनिक अल्पसंख्यक व्यक्तिहरूलाई प्रशिक्षण र अवसर दिनुपर्छ । संवैधानिक अधिकारको कार्यान्वयन सुनिश्चित गर्न प्रभावकारी कानुनी संरचना तयार गर्नुपर्छ ।

शिक्षामा समावेशी पाठ्यक्रममार्फत यौनिक अल्पसंख्यकका विषयमा समाजलाई सचेत गराउनुपर्छ । आशा छ, २०८४ सालको निर्वाचनमा हामीले केही सांसद र जनप्रतिनिधि स्थानीय तह, प्रदेश र संघीय संसद्मा यौनिक अल्पसंख्यकको प्रतिनिधित्व देख्ने छौं ।



## इतिहासमा आज

१ जनवरी १८७७ मा बेलायतकी महारानी भिक्टोरिया भारतकी महारानी बनेकी थिइन् ।



१ जनवरी १९७८ मा तत्कालीन बम्बईमा एयर इन्डियाको जम्बो जेट बोइङ- ७४७ विमान दुर्घटनामा २१३ जनामो मृत्यु भएको थियो ।



१ जनवरी युरोपका ११ वटा देशले साझा मुद्रा युरोको प्रचलन आरम्भ गरेका थिए ।



१ जनवरी २०२२ मा उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो परमाणु तथा अन्तरमहाद्विपीय ब्यालिस्टिक मिसाइल परीक्षणमा लगाइएको रोक हटाएका थिए ।



# शिक्षालयमा राजनीति

*विचार*



● सन्दीप पनेरू

> साँच्चिकै विद्यालयहरुलाई सिकाइको सुसंस्कृत थलो बनाउन चाहन्छौं भने विद्यार्थी राजनीतिको नाममा भएको राजनीति बन्द हुनुपर्छ । विद्यार्थी संगठन खोल्न प्रतिबन्ध गरि नुपर्छ । कुनै पनि दलका कारण, विद्यालयहरुको अध्ययन/अध्यापनमा बाधा पुग्ने अवस्था बन्द हुनुपर्छ...

२ ठूला विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)भित्र विधान नै बनाएर उमेर हद लगाएको सन्दर्भमाथि अहिले बहस छ । नेविसंघले आफ्नो ११औं महाधिवेशनकै क्रममा 'एक व्यक्ति, एक पद र ३२ नीति'लाई अघि सारेको थियो, जुन १२औं महाधिवेशनसँगै लागू हुँदै छ ।

अबको महाधिवेशनसँगै नेविसंघमा विधानतः ३२ वर्ष पार गरेको व्यक्ति नेता बन्न पाउँदैन । यता, भर्खरै अखिल क्रान्तिकारीले पनि उमेर हद लागू गर्ने प्रस्तावलाई पारित गरेको छ । १३ पुसमा निर्वाचन नै गरेर सो प्रस्ताव पारित गरेको हो । अखिल क्रान्तिकारीले पनि ३२ वर्षको उमेर हद राखेको छ ।

नेविसंघमा उमेर हद लागू भएसँगै नाति-नातिनालाई पढाउँदै आफू पनि विद्यार्थी राजनीति गरेका नेताहरू अबको महाधिवेशनसँगै विद्यार्थी राजनीति पाखा पर्ने छन्, जुन सन्दर्भ अखिल क्रान्तिकारीमा पनि लागू हुने छ । यसले यी दुवै विद्यार्थी संगठनमा करिब गैरविद्यार्थीहरूको बाहुल्य घटाउने छ ।

अहिले विद्यार्थी संगठनहरूमा विद्यार्थी भन्दा पनि अन्य क्षेत्रका व्यक्तिको उपस्थिति बाक्लो छ । विद्यार्थी राजनीति गर्नकै निम्ति भर्ना भइरहने र क्याम्पसमा आइरहने थिति छ ।

२ विद्यार्थी संगठनले उमेर हदलाई कार्यान्वयनमा लाँदै गर्दा सत्तारूढ नेकपा एमाले निकटको विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)मा अब उमेर हद लागू गर्ने कि नगर्ने भन्ने बहस उब्जिएको छ । २४औं महाधिवेशनको तयारीमा रहेको अखिलमा अन्य विद्यार्थी संगठनमा भएको बाध्यकारी व्यवस्थालाई लागू गर्नुपर्ने दबाब बढेको छ ।

अखिलभित्र नेताहरूले विधान परिमार्जन गर्दै उमेर हद लगाउनुपर्ने भनाइहरू राख्न थालेका छन् । नेविसंघ र अखिल क्रान्तिकारीभित्रको निर्णयको दबाब स्वरूप अखिलले पनि यो विषयलाई अब समेट्ने सम्भावना छ ।

विद्यार्थीहरूभित्र बाध्यकारी रूपमा गर्न खोजिएका यस्ता व्यवस्थाले तत्कालीन रूपमा विद्यार्थी राजनीति केही सन्तुलित हुने देखिन्छ । अब विद्यालय तथा विश्वविद्यालयहरूमा वृद्ध विद्यार्थी नेताहरूको उपस्थिति देख्न पाइने छैन । उनीहरूको झगडा झेल्नुपर्ने छैन । उनीहरूले गरेका काटमारका दृश्य देख्नुपर्ने छैन । यो एक हदसम्म सुखद पक्ष नै हो । यद्यपि, प्रश्न कायमै छ, के हामीले चाहेको यही मात्र हो त ?


अहिले मूलतः विश्वविद्यालयलाई राजनीति गर्ने थलो बनाउने कि अध्ययन/अध्यापन गर्ने थलो बनाउने भन्ने प्रश्न छ । जे-जसरी विद्यार्थी राजनीतिको नाममा राजनीति गर्ने थलो बनाइएको छ र विद्यालयहरूको मर्ममाथि प्रहार गरिएको छ, यो रोकिनुपर्छ । कुनै पनि सुसंस्कृत देशका विद्यालयमा के यसैगरी विद्यार्थी राजनीति हुन्छ ? नेपाली विद्यार्थी राजनीतिको उद्देश्य के हो ? के विद्यार्थीलाई विद्यालय सुधार्ने जिम्मा हो ? यो निकै गम्भीर बहसको विषय हो ।

हामीले निकै सम्मानपूर्वक लिने विश्वविद्यालयमा नियमितजसो काटमारका घटना सुनिएका छन् । प्राध्यापक स्वयं नै विद्यार्थीबाट असुरक्षित रहेको विषय सामान्य जस्तो लाग्छ । परीक्षामा खुकुरी लिएर प्रवेश गरेको र चिट चोर्न नदिएकै निहुँमा टाउको काटिएको विषय सामान्य जस्तो बनिरहेको छ ।

आज हाम्रो विश्वविद्यालय अध्ययन/अध्यापन गराउने थलो होइन, राजनीति गर्ने थलो बनाइएको छ । हामी साँच्चिकै विद्यालयहरूलाई सिकाइको सुसंस्कृत थलो बनाउन चाहन्छौं भने विद्यार्थी राजनीतिको नाममा भएको राजनीति बन्द हुनुपर्छ । विद्यार्थी संगठन खोल्न प्रतिबन्ध गरिनुपर्छ । कुनै पनि दलका कारण, विद्यालयहरूको अध्ययन/अध्यापनमा बाधा पुग्ने अवस्था बन्द हुनुपर्छ ।

विद्यालय नितान्तः अध्ययन/अध्यापन गराउने थलो हो, जसको गरिमा कायम होस् । कुनै संगठनमा यति र उति उमेर हद लागू भयो भनेर गौरव गर्ने कुरा कदापि सही होइन ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

दलभित्र फरक विचार राख्यो वा शीर्ष नेतृत्वको कार्यशैलीमा आलोचना गर्‍यो भन्दैमा दलबाट निकाल्नु भनेको सोझै तानाशाही र व्यक्तिवादी प्रवृत्ति नै हो । तर, कमरेड भीम रावलको 'राष्ट्रवाद'चाहिँ राप्रपाले बाहेक अरू कुनै दलले बोक्न सक्ला जस्तोचाहिँ लाग्दैन ।



**अनिल गिरी**

भीम रावलले समेत गैरकम्युनिस्ट पार्टी बनाउने भनेपछि यो 'कम्युनिस्ट' शब्दप्रति कमरेडहरूकै कति घृणा रहेछ त ! कम्युनिस्ट शब्दप्रति पक्कै पनि वाक्कदिक्क परेर नै होला भीम कमरेड जीवनको उत्तरार्द्धमा आएर गैरकम्युनिस्ट बन्न परेको !



**रामचन्द्र भट्ट**

कतिपयलाई के भ्रम छ भने, 'देशमा बसेर देश बचाइराखेको छु, मैले नै थेगेको छु ।' विदेशिएकाजति देशमै भएका भए आज देशमै बस्नेको मुखमा माड लाग्न गाह्रो पर्थ्यो भन्ने पनि तिनले बुझ्दैनन् । विमानस्थलको भीड हेरेर देश सकिएको भाष्य बनाउन ती तल्लीन छन् । विदेशमा बसेकाले भूगोलमा नसके पनि भावनात्मक रूपले, साँस्कृतिक रूपले नेपाल विस्तार गरेका छन् ।



**विराट अनुपम**

सेनालाई भिलेन बनायो । मिडियालाई भिलेन बनायो । दललाई भिलेन बनायो । व्यापारिक समुदायलाई भिलेन बनायो । आमनागरिक निराशाको माहोलमा व्यापार गर्‍यो । डलर झार्‍यो । आफू नागरिक भएको देशको चिन्ता छैन, आफूले नागरिकता छाडेको देशको चिन्ता !

# अर्जुनचौपारी गाउँपालिकाका तत्कालीन अध्यक्षसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाका तत्कालीन अध्यक्ष दीर्घनारायण अर्यालसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले मंगलबार गैरकानुनी लाभ तथा हानी पुर्‍याइ भ्रष्टाचार गरेको आरोपमा अर्यालसहित १२ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अर्यालसहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पुरण गुरुङ, तत्कालीन इन्जिनियर नवीन थापा, उपभोक्ता व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण पौडेल, सचिव कृष्णप्रसाद काफ्ले, कोषाध्यक्ष हिमकुमारी केसी, प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद गौतम, इन्जिनियर सुदिप आचार्य, तल्लो बजार नाली तथा ढलान निर्माण उपाभोक्ता समितिका अध्यक्ष मंगल देवी थापा मगर, सचिव विष्णुकुमारी विक र कोषाध्यक्ष एकनारायण देवकोटाविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए।

उनीहरूले बाटोको कमसल काम गरेर दुई फरक ठाउँमा क्रमशः २७ लाख ५ हजार ११ रुपैयाँ र ८ लाख ३४ हजार ३२० रुपैयाँ भ्रष्टाचार गरको अख्तियारका सहायकप्रवक्ता थपलियाले बताए।

तत्कालीन अध्यक्ष अर्याल र तत्कालीन इन्जिनियर थापाविरुद्ध ३५ लाख ३९ हजार ३३१ रुपैयाँ बिगो कायम गरी कैद सजाय र जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको छ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गुरुङ, तत्कालीन सबइन्जिनियर पौडेल, सदरमुकाम व्यवस्थापन उपभोक्ता समितिका अध्यक्ष बालकृष्ण पौडेल, सचिव कृष्ण प्रसाद काफ्ले र कोषाध्यक्ष हिम कुमारी केसीविरुद्ध २७ लाख ५ हजार ११ रुपैयाँ बिगो कायम गरी कैद सजाय र जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको छ।

यस्तै प्रमुख प्रशासकीय अधिकृत गौतम, तत्कालीन इन्जिनियर आचार्य, तल्लो बजार नाली तथा ढलान सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष मगर, सचिव वि.क. र कोषाध्यक्ष देवकोटाविरुद्ध ८ लाख ३४ हजार ३२० रुपैयाँ बिगो कायम गरी कैद सजाय र जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको छ।

# राहत नपाएको आगलागीपीडितहरूको गुनासो



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ पुस

रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ५ पताही टोलका आगलागी पीडितहरुले राहत नपाएको गुनासो गरेका छन्। गत आइतबार राति आगलागी हुँदा ८ जनाको घर जलेर नष्ट भएको छ। राति करिब १२ बजेर ४५ मिनेटको समयमा आगलागी हुँदा दलित समुदायको ८ परिवारको फुसको घर खरानी भएको हो।

आगलागीमा सबैभन्दा बढी क्षति स्थानीय बाबुलाल पासवानको भएको छ। पीडितका अनुसार जग्गा खरिद गर्नका लागि घरमा राखेको १७ लाख नगद जलेर खरानी भएको छ। सुतिरहेको बेला आगलागी भएकाले घरमा रहेका समान निकाल्न नसकेको उनको भनाइ छ।

आगलागीबाट स्थानीय रामनाथ पासवान, जगरनाथ पासवान, सोगारथ पासवान, प्रदिप पासवान, दिपेन्द्र पासवान, कान्ति देवी र नागेन्द्र पासवानको घर जलेको वडा अध्यक्ष सुरेश पंडितले बताए। घरमा भएको गहुँ, धान, चामल, विद्युतीय सामग्री, भाँडा, लता कपडा नष्ट भएको पीडितहरूले बताएका छन्। गौर नगरपालिकाबाट गएको बारुण यन्त्रको सहयोगबाट आगो नियन्त्रणमा लिएको स्थानीयहरुले जनाएका छन्।

आगलागी पीडितहरु बढ्दो जाडोले थप समस्यामा परेका छन्। उनीहरुले कतैबाट पनि खासै राहत नपाएको गुनासो गरेका छन्। आगलागी भएको दुई दिन बित्दा पनि आश्वाशनबाहेक खासै सहयोग नपाएको उनीहरुको गुनासो छ।


## नबिल बैंक लिमिटेड, धापासी शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०९/१७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/१० को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६-११-११ मा दर्ता नं. २३५१२७/०७६/०७७ अन्तर्गत दर्ता भएको **म्याक्स खाद्य सप्लायर्स प्रा.लि.।**
ठेगानाः काठमाडौं जिल्ला तारकेश्वर न.पा, शेसमती, वडा नं. ०८।

**ऋणी कम्पनीका सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

रमेश बोहराको नाती, कल्यान बोहराको छोरा, वझाङ्ग जिल्ला, दहवगर गा.वि.सं. वडा नं. ०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.न. ७११०४३/५१२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. वझाङ्ग (जारी मितिः बि.सं. २०६९/१२/०४), भएको **अम्मर बहादुर बोहरा।**

**धितोको विवरण**

**सवारी साधनको विवरणः**
ऋणी **म्याक्स खाद्य सप्लायर्स प्रा.लि.** र यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. ०२७च-८३५३ भएको TATA NEXONXM(S)

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८१/०९/२३ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२४ गते ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



## लुङ्ग्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बडाचौर, रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**(दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/१७ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस लुङ्ग्री गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. ८१/८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ८ दिन (२०८१/०९/२४) भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, तथा कार्यालयको वेभ साईट साईट www.lungrimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | नदी/खोलाको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण घन मिटर | न्यूनतम ठेक्का अंक रु मा (भ्याट र अग्रिम आयकर बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 02-LRM/SQB-081/82 | बज्याङ खोला र लुङ्ग्री खोला | २३६६.२६/- | ५०१३८६.८३/- | १२५३५/- | २,०००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**



## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मितिः २०८१/०९/१७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंक. को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

**बिक्री गरिने सम्पत्तिको विवरण (घरजगाको विवरण)**
**मंगलबजार शाखा, ललितपुर**

| मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको : | थप विवरणका लागि |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १८ स्थित कित्ता नं. २५५ को क्षेत्रफल ०-१-२-३ रोपनी वा ५३.६६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। Google Co ordinates: 27.673343,85.322805 | |

बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८१ पौष २३ गते मंगलबार कार्यालय समयसम्म
बोलपत्र खोलिने मिति र समयः २०८१ पौष २४ गते बुधबार दिनको ३:०० बजे
बोलपत्र खोलिने स्थानः ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००



## युएईमा रोजगार

कम्पनी : CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०१ चलानी नं.: ६०२०१४२६ L.T. No.: 285975 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 61 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 22 | | 900 | ३३४६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुष २४ गते (8 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885,984-3834191,9709051745,982-7903113, 9801442878



## साउदीमा रोजगार

कम्पनीः SONS OF ABDULLAH MOHAMMAD AL SAQABI COMPANY शहरः AL QASSIM
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.: ६०२३०५९५ L.T. No.: 316307

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mixer Driver | 15 | 0 | स. काममा दक्ष | 1900 | ६९,१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २४ गते (8 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२
अल समिट म्यानपावर प्रा.लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company



## UAE मा PSBD Security Guard हरुलाई रोजगार

Company : M.B.K. Security Services, UAE
पुन विज्ञापन। पूर्व स्वीकृती मितिः २०८०/०५/०१ चलानी नं. ६०२०६३५८ LT No. : 291105

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Male Security Guard | 146 | 0 | काममा दक्ष | 1200 | ४३,८७५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard (PSBD) | 126 | 47 | | 2000 | ७३,१२५/- | | | | | | | |

SLC Passed, उमेरः 21 देखि 45 बर्ष, उचाईः 5.8 Inch भन्दा माथि, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्होर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्होर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ताः २०८१ पौष २८ र माघ ३ गते (12 & 16 Jan., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

Govt. Lic: 1162/073/74
Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9802324741, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com



## साउदीमा रोजगार

१. कम्पनीः Alhajdyah Contracting Company LTD. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.: ६०२३०६१३ LT. No.:316327

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः JOUD UNITED COMPANY Ltd. शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.: ६०२३०६१० LT. No.:315418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६५,४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः Mastoura Contracting Company Ltd. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.: ६०२३०६११ LT. No.: 316326

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 49 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २४ गते (8 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


Nepal HR Solution Pvt. Ltd. श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com



## जापानमा रोजगार

कम्पनी : NEW BUSINESS NETWORK KYODOKUMIAI शहर : Japan
पूर्व स्वीकृत मितिः चलानी नं.: Lt. No.:316337

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Picking And Sorting Work | 4 | 157450 | १३७,४४९ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ५०,००० कामदारले
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ। जापान सरकारले औघोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ। साथै औघोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुस २४ गते (8 January 2024) मा हुनेछ।**



## साउदीमा रोजगार

कम्पनीः GULF RE-INFORCED PLASTICS-BRANCH शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०४/११ चलानी नं.: ६०२२२७३१ L.T. No.: 308032 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २४ गते (8 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


श्रम इजाजत नं. १०९/०५४/०५५
Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal.
Phone: 00977-1- 4955570, 4956625, 4956831.
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१७ पुस २०८१, बुधबार
1 January 2025, Wednesday

# सन् २०२४ मा प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि




**काठमाडौं/मस-** सन् २०२४ प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाको सवालमा चुनौतीपूर्ण वर्ष रह्यो । समाचार लेखेको तथा सूचना मागेका कारण पत्रकारमाथि धम्की दिने, गिरफ्तार र हत्या गर्नेसम्मका घटनाका कारण प्रेस स्वतन्त्रताको सवालमा यो वर्ष चुनौतीपूर्ण देखिएको तथ्यांक छ ।

नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन शाखामा यो वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना अभिलेख भएका महासंघले जनाएको छ । विगतका वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटना वृद्धि भएको छ । सन् २०२३ मा प्रेस स्वतन्त्रता हननका ५८ र सन् २०२२ मा ५३ वटा घटना अभिलेख भएका थिए । यस वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना हुँदा ३४ जना पत्रकार महिला र एक सय १३ जना पुरुष पत्रकार पीडित भएका छन् भने १३ वटा सञ्चार संस्था प्रभावित भएका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ, कैलालीका सहसचिव सुरेश भुलको हत्या भएको घटनाको प्रारम्भिक रिपोर्ट हेर्दा उक्त घटना लक्षित हत्या भएको देखिन्छ । समाचार लेखेकै कारण ज्यान लिनेसम्को धम्की खेपिरहेका इटहरीका पत्रकार गोपाल दाहालका सम्बन्धमा महासङ्घले मिडिया मिसन खटाउनुपर्‍यो । समाचार लेखेकै कारण राज्यको नेतृत्व तहमा रहेका तथा जनताको प्रतिनिधि भनिएकाबाट पत्रकारमाथि भएको धम्की, धरपकड तथा दुर्व्यवहारका घटना अत्यन्त निन्दनीय मात्र हैन लोकतन्त्रमाथिकै प्रहार भएको महासंघको ठहर छ ।

सन् २०२४ मा नेपाली प्रेस जगत्ले अपेक्षाकृत प्रेससम्बन्धी कानून पाउन सकेन । लामो सयमदेखि प्रतीक्षारत मिडिया काउन्सिल विधेयकले पूर्णता पाएको छैन । यसबीचमा सरकारले सूचना प्रविधि विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको छ । महासंघले विगतदेखि नै सञ्चारसम्बन्धी कानुनलाई व्यवस्थित गर्न र संविधानको मर्मअनुसार कानुन निर्माण गर्न सरकारलाई आग्रह गर्दै आएको छ ।

